# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## शैक्षिक प्रशासन महाशाखा

भरतपुर, चितवन
बागमती प्रदेश, नेपाल

प.सः ०८०/०८१
च.नः ४५८८

मितिः २०८०/१२/१८
ने.सं. ११४४, चिल्लागा ६ आइतबार

विषयः निर्णय कार्यान्वयन सम्बन्धमा।

श्री वडा कार्यालयहरु सबै,
वडा नं. १-२९,
भरतपुर महानगरपालिका, चितवन।

प्रस्तुत विषयमा नगर शिक्षा समितिको मिति २०८०/१२/१६ को निर्णयबाट शैक्षिक सत्र २०८१ को विद्यार्थी भर्ना अभियान सञ्चालन र शैक्षिक संस्थाको अनुगमन तथा नियमन सम्बन्धमा वडा शिक्षा समितिलाई क्रियाशील बनाई तपसिल अनुसार गर्न गराउन सबै वडा कार्यालयहरुलाई लेखी पठाउने निर्णय भएको हुँदा सोही अनुसार गर्न गराउनुहुन अनुरोध छः

तपसिलः

१. वडा भित्रका विद्यालयका व्यवस्थापन समितिसँग समन्वय गरी विद्यालयको भर्ना क्षमताका आधारमा सबै बालबालिकाको सम्बन्धित वडाभित्रका वा नजिकका सामुदायिक विद्यालयमा भर्ना हुन पाउने अधिकार सुनिश्चित हुने गरी आमा समूह स्थानीय सामाजिक संघ संस्था तथा गैरसरकारी संस्थाहरुसँग समन्वय गरी भर्ना अभियान सञ्चालन गर्ने गराउने।

२. सबै बालबालिका विद्यालयमा भर्ना भएको तथ्याङ्क सहितको विवरण तयार पारी शतप्रतिशत बालबालिका भर्ना गर्ने वडा घोषणा र सम्मानका लागि शैक्षिक प्रशासन महाशाखामा पेस गर्ने।

३. वडाभित्रका विद्यालय र प्रारम्भिक बाल विकास केन्द्र एवम् शिशु विकास केन्द्रहरूको अनुगमन गरी अनुमति बिनाका तह र कक्षा सञ्चालन गरे नगरेको, महानगरले निर्धारण गरेको शुल्क लागु गरे नगरेको र मापदण्ड अनुसार छात्रावास सञ्चालन गरे नगरेको अनुगमन निरीक्षण गरी नियमन गर्ने गराउने र थप कारबाही अगाडि बढाउनुपर्ने भएमा महानगरपालिकामा लेखिपठाउने।

४. वडाभित्रका विद्यालयहरुमा समयमा विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ गठन भए नभएको र विद्यालयका कामकारवाहीको सामाजिक परीक्षण समयमा भए नभएको, पुस्तकालय, प्रयोगशाला र शैक्षिक सामग्रीको उपयोग भए नभएको र **'व्यवहारिक शुक्रबार'** कार्यक्रम कार्यान्वयन भए नभएको अनुगमन गरी सहजीकरण तथा नियमन गर्ने।

महेन्द्रप्रसाद पौड्याल
नगर शिक्षा अधिकारी

श्री सूचना तथा सञ्चार प्रविधि शाखाः- वेबसाइटमा अपलोड गरिदिनुहुन।
(भरतपुर महानगरपालिका)

056-520167, 521467, 530062, 526951, 522252, 525771 Fax: 056-520014
E-mail: bmc@ntc.net.np / Website: bharatpurmun.gov.np
(मन्त्री परिषद्बाट महानगरपालिका घोषणा मिति फाल्गुन २७, २०७३)

CamScanner